नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १७१ | २०७६ साल माघ २२ गते बुधबार (5 Feb. 2020 Wednesday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : राजपा र समाजवादीबिच ... ३ पृष्ठमा : कोरोना भाइरस नेपालमा.. ३ पृष्ठमा : कोरोनाबाट हडकडमा पनि ...

# समाजवादी र राजपाबीच एकीकरण बाहेक विकल्प छैन् : उपेन्द्र यादव



**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले परिवर्तनकारी शक्तिको रुपमा अगाडी बढ्न समाजवादी र राजपाबीच एकीकरण बाहेक विकल्प नरहेको बताएका छन् ।

संगठन बिस्तार तथा सुदृढिकरण (बिसु) अभियान तथा अभिमूखीकरण कार्यक्रमको मंगलबार सप्तरी सदरमुकाम राजविराजमा उद्घाटन गर्दै उनले सो कुरा बताएका हुन् ।

राजपासँग एकीकरणको ढोका अझै खुल्ला रहेको बताउँदै अध्यक्ष यादवले राजपाले जहिले चाहे एकीकरण हुन सक्ने संकेत समेत दिए । उनले भने, "राजपाको माँग अनुसार समाजवादी पार्टी अहिले सरकार बाहिर छ, तर सरकार बाहिर भएपछि राजपाले बोलचाल नै बन्द गरेको छ ।"

पूर्व उपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले सात प्रदेश मध्ये ६ प्रदेशमा कम्युनिष्टहरुको सरकार रहेकोमा प्रदेश नं. २ मा पनि आफ्नो सरकार बनाउन राजपालाई कम्युनिष्टहरुले जालझेलमा पार्न खोजिरहेको आरोप लगाउँदै राजपालाई सो जालझेलमा नपर्न सुझाव समेत दिएका छन् । उनले प्रदेश २ सरकार कुनै पनि हालतमा परिवर्तन नहुने समेत बताए ।

एक अर्को प्रसङ्गमा उनले संसदबाट संविधान संशोधन नभए जनबिद्रोह गर्ने चेतावनी दिए । उनले मुलुकको आधा जनसंख्याका लागि संविधान अहिले पनि अधुरो रहेकोमा यसलाई अविलम्ब संशोधन गर्नु पर्ने माँग राखे ।

अध्यक्ष यादवले संसदबाट संविधान संशोधन वा पूर्नलेखन गरे मात्र वर्तमान संविधान साझा बन्न सक्ने बताए । मधेश आन्दोलनकै उपलब्धीका कारण अहिले हिमाल र पहाडका उत्पीडित समुदायले थोरै भएपनि आरक्षणको नाममा राज्यको हरेक अंगमा समावेशीता पाएको जिकिर गरे ।

दुई तिहाई बहुमत पाएको अहिलेको कम्युनिष्ट सरकार कमाउनिष्ट भएको उल्लेख गर्दै उनले सरकार पूर्ण रुपले भ्रटाचारमा लिप्त रहेको उनको आरोप छ ।

सो कार्यक्रममा पार्टीका उपाध्यक्ष रेणु यादवले प्रदेश २ को सरकार नबढल्ने बताउँदै समाजवादी पार्टीबाट मन्त्रीहरु हेरफेर हुन सक्ने संकेत समेत दिएकी छिन् । उनले मधेशी जनताको चाहना अनुसार समाजवादी र राजपाको सरकार

*बाँकी तीन पृष्ठमा*

# वडा नं. १५ का वडा अध्यक्ष पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**

राजविराज वडा नं. १५ का वडा अध्यक्षलाई प्रहरीले मंगलबार साँझ पक्राउ गरेको छ ।

ज्यान मार्ने उद्योग मुद्दामा फरार रहेको भन्दै वडा अध्यक्ष रामप्रसाद यादवलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यद्दपी प्रहरीले जारि गरेको विज्ञप्तिमा भने ज्यान मार्ने उद्योग बारे केही उल्लेख गरेको छैन् ।

यता पक्राउ परेका वडा अध्यक्ष यादवलाई मंगलबारै अदालतमा बुझाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## राजविराज नगरपालिका
### ६ नं. वडा कार्यालय
### राजविराज, सप्तरी

**सूचना सूचना सूचना**

*मिति : २०७६/१०/२१*

उपरोक्त सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग योजना कार्यालय ईटहरी सुनसरीको आ.ब. २०७६/७७ को च.नं. ३२९ को पत्र प्राप्त अनुसार यस राजविराज नगरपालिका अन्तरगत पुरानो वारुणयन्त्र कार्यालयदेखी दक्षिण पश्चिम विष्णुपुर गाउँपालिकासम्मको बाटो निर्माण कार्य भएको हुँदा सो सडक १८ (अठार) मिटर मापदण्डमा पर्ने घर, टहरा, वाल तथा सो कार्यमा अवरोध पार्ने कुनै किसिमको स्थायी संरचनालाई मिति २०७६/१०/२१ गतेदेखी मिति २०७६/१०/२८ गते सम्ममा हटाई निर्माण कार्यमा सक्दो सहयोग गरिदिनुहुन जानकारी साथ व्यहोरा अनुरोध छ ।

**प्रेम कुमार यादव**
**वडा अध्यक्ष**
**रा.वि.न.पा. वडा नं. ६**

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**
**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**
**फोन नं. : 031-522408/09**




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

iPay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

### संस्था बढी काम सीमित

सप्तरीको विभिन्न क्षेत्रमा एनजिओ तथा आइएनजिओले काम गर्दै आइरहेको छ । तर निजी स्तरमा संघसंस्थाहरुले जिल्लाको विकास गर्दा एउटा सीमित क्षेत्रलाई नहेरिकन सर्वाङ्गिण विकासका लागि अग्रसर हुनुपर्दछ । जिल्लामा गैरसरकारी संस्थाहरु अहिले च्याउ उम्रे झैं प्रसस्त देख्न सकिन्छ । जसमध्ये केहीले जिल्लाको विकासका लागि निकै नै योगदान समेत दिएका छन् भने कुनै कागजमा मात्र सीमित रहेका छन् । यसरी कसैले काम ल्याएपछि मात्र संस्था दर्ता गर्ने र काम सकिएपछि संस्थालाई वार्षिक नविकरण मात्र गर्ने गरेका छन् । यसप्रति त्यस्ता संघसंस्थालाई हेर्ने निकायले समेत ध्यान दिएको पाइन्न् ।

समाजलाई परिवर्तन गर्नका लागि संघसंस्थाको अहम भूमिका हुनुपर्ने हो । तर संघसंस्थाहरुले समाजलाई परिवर्तन गर्ने नारालाई आत्मसाथ गरेर व्यक्तिगत स्वार्थमा मात्रै डुब्नु हुँदैन् । स्वार्थमा मात्रै लाग्यौं भने जे भावनाका लागि काम गरिएको हुन्छ त्यो पूरा हुन सक्दैन् । तसर्थ यसतर्फ पनि सबैको ध्यान आकृष्ट हुनु जरुरी छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# राजपा र समाजवादीबिच एकताका लागि वार्ता आवश्यक



अमरनाथ मण्डल

महान मधेश आन्दोलन मधेश विद्रोहले दिएको जनादेश अनुसार मधेश र मधेशीको हित र अधिकारको लागि राजनैतिक परिवर्तन क्रान्तिको प्रक्रिया तथा पार्टी र राजपा समाजवादी बीच आपसी फुट मनमोटाव र तितोपनको कारण शासक वर्गहरुले शासन गर्ने नीति अख्तियार गर्न सक्ने अनुमान मधेशी विज्ञहरुले गर्न थालिरहेका छन् ।

समाजवादीले हतारमा सरकारमा जानु र मन्त्री मण्डलमा सामेल हुनु तथा राजपाले नेकपासँग दुई बुँदे सहमति गरी राष्ट्रिय सेवामा नेकपासँग तालमेल गरी निर्वाचन लड्नुका कारणले गर्दा मधेशका जनताहरु मधेशमा भएका विद्रोहको प्रमुख सन्दर्भमा वार्तामा कुनै किसिमको बाधा अवरोध नहुने समाजवादीका अध्यक्ष यादवले यस स्तम्भकारसँग आफ्नो जिकिर राख्नु भएको थियो । त्यस्तै यस स्तम्भकारसँग राजपाका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले राष्ट्रिय सभा निर्वाचनसम्म नेकपासँग दुई बुँदे सहमति भएको अब यो सहमतिको निरन्तरता नरहेकोले राजपाको कुनै तालमेल नेकपासँग नरहेको जिकिर गर्नुभयो । एउटै मानसिकता, एउटै भावना एकताको रहेको सन्दर्भमा ती दुई मधेशपार्टी पछि एकलाई सरकारमा सहभागिता गराई मधेश र मधेशी जनता समक्ष मधेशी दलहरुलाई दोषी रहेको ठहर गर्ने तिर बढी देखिन्छ । यस्ता सवालहरुसित सावधान र सचेत रही राजपा र समाजवादीले एकताको अपरिहार्यताको आवश्यकता हेरी नेताहरुले लचकता अपनाई एक अर्काको अस्तुत स्वीकार गरी मधेश मधेशीको भावना केन्द्र विन्दु रहेका यी दुई पार्टीको एक ठाउँमा मिलन विन्दु भई मधेशमा ठूलो शक्तिको निर्माण गरी नेपालको

**कुनै समयमा राजपाका प्रमुख नेता राजेन्द्र महतोले समाजवादी सरकार छोडेर वार्तामा आयो भने पार्टी एकता सम्भव हुने तर्कहरु चालिरहेका थिए भने अहिले समाजवादीले राजपा नेकपासँग गरिरहेको तालमेल र सम्झौताहरु छाडी आयो भने वार्ता हुने सम्भावना कायम रहेको समाजवादीका प्रमुख नेता उपेन्द्र यादवले वक्तव्यवाजी गरिरहेका छन् भने यी दुई पार्टीहरुको आपसी तालमेलबाट नै मधेशको मधेशीको मधेशवादको सवालहरु, अधिकारहरु प्राप्तिको दिशातिर उन्मुख हुने अवस्थामा यी दुई पार्टी बीच एकअर्का प्रतिको आरोप प्रतिआरोप छाडी एकताको प्रक्रियालाई अगाडी बढाउनुपर्ने देखिन्छ ।**

आर्थिक, सामाजिक, संस्कृतिक, साँस्कृतिक अमुल परिवर्तन लगायत स्वतन्त्रता विभेदीकरणको अन्त्य, मौलिक हकको प्राप्तिको लागि थालिएको मधेशमा ऐतिहासिक मधेश आन्दोलन तथा मधेश विद्रोहले गरिएको निर्देशितहरुले तत्कालिन फोरम हाल समाजवादी र राजपा बीच इतिहासिक रुपमा एकताको अपरिहार्य आवश्यकता रहेको देखिन्छ । महान शहिदहरुको बलिदानी तथा वहाँहरुले गरेको त्यागको भावना र मर्मलाई सम्मान गर्नुपर्ने अवस्थामा अहिले राजपा र समाजवादीको बीच कटुल्ता बढिरहेको अवस्थामा मधेशी जनताहरु चिन्तित बन्दै गईरहेका छन् । समय समयमा मधेश विद्रोह, मधेश आन्दोलन, जनजाति आन्दोलनहरुले वर्षौं वर्ष देखि शोषण र उत्पीडनमा परेका जातजाति भाषा भाषीहरुको सम्मान हक, सम्मान अधिकार, राज्यमा साझेदारीका सवालहरु लिएर गरिएका आन्दोलनहरुको जनादेशको माध्यमबाट प्रदेश २ सरकारको निर्माण भएका सन्दर्भमा अहिलेको परिस्थिति हेर्दा खेरी मधेश आन्दोलनको जनादेशको लक्ष्य र उद्देश्य पुर्ति नभएको अवस्थामा मधेशवादी कारक नेकपा रहेकोले नेकपा भित्र नै साठगाठ गर्नु मधेशवादी पार्टीहरुको नीतिका कारक केही मधेशी दलहरुबीच ठूलो फुटको खाल्टो निर्माण गर्न शासक वर्गहरु सफल भईरहेको चिन्तित तथा चिन्तन मनन गर्न थालेका छन् । मधेशी जनताहरु मधेशको भावना अनुसार राजपा र समाजवादीको एकता र आपसी समझदारी कारणले गर्दा मधेशी जनताहरु यी दुई पार्टीलाई मधेशमा जनादेश दिएको त्यसको फलस्वरुप मधेशमा दुई नं. सरकारको मधेशवाद पार्टीहरुको बचश्र्व रहेको अवस्थामा पार्टीहरुको बीचमा फुट हुनु कदापी कसैको हितमा नरहेको ठहरहरु गरिरहेका छन् ।

मधेशमा मधेशवादका यी दुई पार्टी आन्दोलनको बेला धेरै जटिलताहरुलाई सहज गर्दै मधेश आन्दोलनलाई उचाईको शिखरमा पुर्‍याउने अहम् भुमिका निर्वाह गरेको अवस्थामा अहिले समाजवादीको अध्यक्ष उपेन्द्र यादवले यस स्तम्भकारसँग कुरा गर्दै राजपाले अहिले पनि वार्ताको प्रक्रियालाई अगाडी बढायो भने वार्ता हुन सक्ने सम्भावना बढ्ने छ । राजपा सरकारमा जानु नजानुको औचित्य नरहेको बीच किन एकता नभई रहेको र किन एकताको पहल अगाडी बढिरहेको चासो सर्वत्र उठिरहेका छन् । मधेश आन्दोलनको मधेश विद्रोहको जनादेशलाई सम्मान गर्नु यी दुई पार्टीको अह्म उद्देश्य र कर्तव्य रहेको कारण अहिले देशमा मधेश आन्दोलनबाट उठेका मुद्दाहरु संविधान संशोधन मधेशको हित अधिकार विदेभीकरणको अन्त्यहरुको प्रक्रियालाई राज्य पक्षले बेवास्ता गर्दै आई रहेकोमा नेकपा पार्टीका मुखिया तथा प्रधानमन्त्री केपी ओली षड्यन्त्रपुर्णक राजपा र समाजवादीलाई सरकारमा सहभागिता गराई एक अर्का बीच बिरोध लडाई भिडाई मधेशी दलहरुको बीचमा फुटगुटको स्थिति सिर्जना गर्ने मनोस्थितिमा रहेको देखिन्छ । वार्ताको लागि राजपा र समाजवादीमा रहेका नेता तथा कार्यकर्ताहरुको मनोभावना वार्ता पक्षमा रहेकाले उपेन्द्र यादव तथा राजेन्द्र महतो लगायत यी दुवै पार्टीका सर्वोच्च नेताहरुको मनोभावना पनि वार्ता तिर उन्मुख रहेको अवस्थामा वार्ता नहुनुको कारक के रहेको छ भने राज्य पक्ष तथा शासक वर्गहरुले यी दुवै पार्टीलाई फुटगुटमा राखी एक वैकल्पिक निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ । मनोभावना, मनोदिशा, सिद्धान्त र नीति मधेश प्रति एक रहेको अवस्थामा आपसी फुटको कारण मधेश भावनाको अनुकुल वातावरण तथा मधेशमा अधिरकार प्राप्तिको आन्दोलनहरुलाई एक रुपताको साथ एक ढिकामा एक मञ्चमा एक ठाउँमा उभि शासक वर्गसँग लडाई लड्नुपर्ने अवस्था रहेको देखिन्छ । साता मोह, कुर्सी मोह, पदलोलुप्तालाई त्यागी मधेशको भावना अनुसार, मधेशको आवाजलाई सम्मान गर्नु तथा मधेशका प्रमुख सवाल संविधान संशोधन नागरिकता समस्या विभेदमा परेका जातजातिहरुको अधिकारको सुनिश्चितता गर्नु रहेकोले एक आपसको गाँठोलाई मजबुत पारी बलियो बनाई एक स्वरमा सदन देखि सडकसम्म एक रुपताको साथ स्वरहरुलाई शंखनाद गरी आवाजहरु बुलन्द पार्नुपर्छ । त्यसै कारण राजपा र समाजवादीमा एकता अपरिहार्य रहेको अवस्थामा एकताको कुनै किसिमको बाधक सिर्जना नरहेको सन्दर्भमा यी दुवै पार्टीले एकताको प्रक्रियालाई अगाडी बढाउनुपर्ने समय र क्षण रहेको छ ।

# सात लाख ७० हजार बालबालिका विद्यालयको पहुँच बाहिर

काठमाडौँ, २१ माघ (रासस) ।

युनिसेफ जर्मनीका संरक्षक एल्के बुडेनबेन्डरले नेपाल भ्रमणका क्रममा यहाँका बालबालिकाको स्थिति र त्यसको दिगो समाधानका लागि युनिसेफले चालेको कदमका बारे जानकारी लिनुभएको छ । यही माघ २० देखि २४ गतेसम्म नेपाल भ्रमण गर्दै रहनुभएका उहाँले ललितपुरका विद्यालय, युवा क्लब र समुदायका बालबालिकालाई भेटी तिनको दैनिक जीवनमा आउने चुनौतीको सामना गर्ने तरिकाबारेमा जानकारी लिनुभएको युनिसफ नेपालका सञ्चार विशेषज्ञ शर्मिना मानन्धरले जानकारी दिनुभयो ।

उहाँले प्राकृतिक प्रकोपको प्रभाव कम गर्न समुदायहरूले आफूलाई सुदृढ बनाउन गरेका प्रयासका बारे पनि जानकारी लिनुहुनेछ । सङ्घीय गणतन्त्र जर्मनीका राष्ट्रपति फ्यान्क वाल्टर स्टेइनमेयरकी श्रीमती एल्के बुडेनबेन्डरले स्वास्थ्य सेवा र शिक्षाको पहुँच, उच्च गरीबी र प्राकृतिक प्रकोपको उच्च जोखिमजस्ता थुप्रै संरचनात्मक चुनौती तथा नेपालको बाल अधिकार तथा दिगो विकास लक्ष्यसम्बन्धी विषयमा पनि जानकारी लिएको जनाइएको छ ।

युनिसेफका अनुसार नेपालले दिगो विकास लक्ष्य हासिल गर्नेसम्बन्धी राष्ट्रिय प्रतिवेदनमा उल्लेखनीय प्रगति गरे पनि धेरै बालबालिका र किशोरकिशोरी अझै पनि स्वच्छ पानी, स्वास्थ्य सेवा, पोषणयुक्त खाना तथा विद्यालयको पहुँचबाट टाढा छन् । पाँचदेखि १२ वर्ष उमेर समूहका करीब सात लाख ७० हजार बालबालिका विद्यालयको

*बाँकी अन्तिम पृष्ठमा*

# कोरोना भाइरस नेपालमा देखिएको छैन : उच्च सतर्कताको तयारीमा सरकार

काठमाडौँ, २१ माघ (रासस)। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भानुभक्त ढकालले नेपालमा कोरोना भाइरसको सङ्क्रमण अहिलेसम्म नदेखिएको र सरकारले उच्च सतर्कताका साथ काम गरिरहेको बताउनुभएको छ। प्रतिनिधिसभाको आजको बैठकमा विशेष समय लिएर सार्वजनिक महत्वको विषय कोरोना भाइरसबाट बच्नका लागि सरकारले लिएको पहलकदमीका बारेमा बोल्दै उहाँले नेपालमा चीनबाट फर्किएका १३ विद्यार्थीमा कोरोना भाइरसको सङ्क्रमण देखिए पनि परीक्षणपछि नेगेटिभ नतिजा आएको बताउनुभयो।

"सन् २०२० जनवरी ९ मा चीनको वुहान प्रान्तबाट पढेर आएका १३ विद्यार्थीमा परीक्षण गर्दा कोरोना भाइरस पोजेटिभ देखिएको थियो, पछिल्लो समयमा परीक्षण गर्दा सबैमा नेगेटिभ देखिएको छ", मन्त्री ढकालले भन्नुभयो, "नेपालमा अहिलेसम्म यो भाइरसको सङ्क्रमण देखिएको छैन।"

नेपालमा उक्त भाइरसलाई प्रवेश गर्नै नदिन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रिस्तरीयको बैठक दुई पटक बसेको र स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री ढकालको संयोजकत्वमा उच्चस्तरीय कार्यदल बनेको छ। मन्त्री ढकालले उक्त भाइरसबाट सतर्क रहनका लागि विज्ञापन सामग्री बनाएको र प्रत्येक दिन बेलुका सञ्चारकर्मीसँग ब्रिफिङ गर्ने तयारीसमेत गरेको जानकारी दिनुभयो।

नेपालको मित्रराष्ट्र चीनको वुहान प्रान्तबाट सन् २०१९ डिसेम्बर ३१ मा पहिलोपटक फैलिएको कोरोना भाइरस अहिले चीनको २२ प्रान्तमा फैलिसकेको छ भने विश्वका २३ मुलुकमा फैलिएको छ। विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कअनुसार विश्वमा अहिले १७ हजार ३५१ मा सो भाइरस देखिएको छ। त्यसमध्ये १७ हजार भाइरस चीनकै नागरिकमा देखिएको छ। सो भाइरसका कारण चीनमा ३६२ को मृत्यु भएको छ। मृत्यु हुनेमा ३६१ चीनमा र चीनबाटै गएका एक नागरिकको फिलिपिन्समा मृत्यु भएको हो।

मन्त्री ढकालले सरकारले कोरोना भाइरसका बारेमा आम नागरिकलाई सचेतनाका लागि रुघाखोकी लागेको व्यक्तिसँग नजिक नजाने र साबुनपानीले हात धुनेबारेमा जानकारी दिँदै सो भाइरस चिसामा बढी आक्रमण र गर्मीमा सुषुप्त बस्ने देखिएको जानकारी दिनुभयो।

"सरकारले कोरोना भाइरसबाट बच्ने तयारी गरिरहेको छ, सोमबारको मन्त्रिपरिषद्को बैठकले पनि त्यसकै विषयमा गम्भीर छलफल गर्‍यो", मन्त्री ढकालले भन्नुभयो, "अरु रोगभन्दा फरक खालको छ, बिरामी सिकिस्त देखिँदैन, दुईदेखि १४ दिनसम्म सङ्क्रमित हुनसक्छ।" उहाँले बिरामीका बारेमा समाजमा पत्ता नलाग्न पनि सक्ने हुनाले उच्च सावधानी अपाउनुपर्नेमा जोड दिनुभयो।

**चीनबाट आउन चाहने नेपालीलाई ल्याउने तयारी**

सरकारले चीनबाट नेपाल आउन चाहने नेपालीलाई ल्याउने तयारी गरेको छ। मन्त्री ढकालका अनुसार कोरोना भाइरसको सङ्क्रमण देखिएकाबाहेक आउन चाहने नेपालीलाई सरकारले विलम्ब नगरी ल्याउने तयारी गरेको बताउनुभयो।

"परीक्षण गर्दा पोजेटिभ देखिएमा चीन सरकारले नेपाल पठाउँदैन", मन्त्री ढकालले भन्नुभयो, "नेपाल आउन चाहने १८० ले चीनस्थित नेपाली दूतावासमा फारम भरेका छन्।" मन्त्री ढकालका अनुसार नेपालमा ल्याएपछि १४ दिनसम्म परीक्षणमा राखिन्छ। "भाइरस नदेखिएपछि सार्वजनिक भेटघाटका लागि जान दिन्छौँ", उहाँले भन्नुभयो, "सरकारले उक्त भाइरस सङ्क्रमणका लागि तीन अस्पताल र ४३ शय्याको व्यवस्था गरेको छ। पोखरा, चितवन र भैरहवामा हेल्थ डेक्सको व्यवस्था गरेको छ। रसुवा र तातोपानी नाकालाई सम्भावित जोखिममा राखेर हामीले काम गरेका छौँ।"

मन्त्री ढकालले स्वास्थ्य मन्त्रालयमा रहने गरी ३०० शय्यासम्मको अस्पताल बनाउने र भविष्यका लागि यस्ता जोखिमबाट बच्नका लागि अस्पताल बनाउने तयारीमा रहेको जानकारी दिनुभयो।

बैठकमा दिव्यमणि राजभण्डारी, मोहम्मद इस्तियाक राई, दिलेन्द्रप्रसाद बडू, पुष्पा भुसाल, देवेन्द्रराज कँडेल, कृष्णभक्त पोखरेल, डीला सङ्ग्रौलासहित १४ सांसदले कोरोना भाइरस रोकथामका लागि कार्यक्रम ल्याउनुपर्ने र चीनबाट आउन चाहने नेपाली नागरिकलाई जतिसक्दो छिटो ल्याउनुपर्नेमा जोड दिनुभयो।

सांसदको जवाफ दिँदै मन्त्री ढकालले नेपाल फर्कन चाहनेले फारम भरिरहनुभएको र आउन चाहने सबैलाई सरकारले ल्याउने तयारी गरेको जानकारी दिनुभयो। उहाँका अनुसार विमानस्थलमा ल्याएका व्यक्तिलाई परीक्षणका लागि हेल्थडेक्स राखेको र डाक्टरको नेतृत्वमा २४ घण्टाकै सेवा तथा अस्पतालसम्म लानका लागि एम्बुलेन्स तयारी छ। जुनसुकै मुलुकबाट आएका व्यक्तिको परीक्षण गर्ने व्यवस्था छ।

# घुस लिएको आरोपमा मुद्दा

काठमाडौँ, २१ माघ (रासस)। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सडक डिभिजन कार्यालय लहान, सिराहाका इन्जिनीयर नवीनकुमार साह र सवइञ्जिनीयर वीरेन्द्रकुमार साहविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगका अनुसार उनीहरुले सेवाग्राहीसँग रुपनी-राजविराज-कुनौली सडक आयोजना निर्माणको अन्तिम बिल भुक्तानी दिने क्रममा विभिन्न बाहाना बनाइ रु १५ लाख ९६ हजार घुस लिएका थिए। आयोगको बर्दिवासबाट गएको टोलीले उनीहरुलाई घुस लिँदै गरेको अवस्थामा पक्राउ गरेको थियो। आयोगले घुस वापत लिएको रकम बराबरको बिगो असुल गरी कैद सजायको माग गरी विशेष अदालतमा मुद्दा दायर गरेको प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिनुभयो।

यस्तै सडक डिभिजन कार्यालय लहान, सिरहाका निमित्त डिभिजन प्रमुख विन्दा साह भन्ने विनोद साह विरुद्धसमेत मंगलबारै विशेष अदालतमा मुद्दा दायर गरेको छ। आयोगको टोलीले साहलाई रु तीन लाख घुससहित केही दिन पहिले पक्राउ गरेको थियो। सेवाग्राहीले गरेको सडक निर्माण कार्य सम्पन्न भई अन्तिम बिल भुक्तानीका क्रममा साहले घुस माग गरेको आयोगले जनाएको छ।

यस्तै आयोगले जनकपुर भन्सार कार्यालय धनुषामा कार्यरत नायब सुब्बा अहमद रजा अन्सारीले नेपाल भारत सीमा क्षेत्रबाट सामान ल्याउन सहज गरिदिने भन्दै रु एक लाख ५० हजार घुस माग गरेको अभियोगमा पक्राउ गरेको आयोगले जनाएको छ। आयोगले नायब सुब्बा अन्सारीले सेवाग्राहीसँग रु एक लाख ५० हजार घुस माग गरेको आरोप लगाएको छ।

आयोगले अन्सारीलाई सोमबार पक्राउ गरेको भए पनि थप अनुसन्धानपछि आज मात्रै सार्वजनिक गरेको हो।

***समाजवादी र ...***



प्रदेश २ मा बनेको स्मरण गराउँदै यदी कुनै पार्टीले सरकार ढाल्ने चलखेल गरे सो पार्टी जनताबाट आफै् बहिष्कृत समेत हुने जिकिर गरिन्।

सो कार्यक्रममा बिसु अभियान सप्तरीका संयोजक समेत रहेका प्रदेश २ का भूमी व्यवस्या तथा कृषि सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले संगठनलाई अझ बलियो बनाउन तीन महिने अभियान सुरु भएको जिकिर गर्दै यस अभियान अन्तरगत प्रदेश २ मा एक लाख सदस्य थप्ने लक्ष्य लिएको जानकारी दिए।

सो अवसरमा तराई मधेश प्रदेशका सदस्य ईसुफ अलीले कार्यकर्ता बिच असन्तृष्टी ब्यापक बढेको गुनासो बढेको बताउदै सबैको मनोवललाई उच्च राख्दै सम्मानपूर्वक कार्यकर्तालाई बैचारिक सिद्वान्त रूपमा अगाडि बढनुपर्ने बताए।

सापर्टीका जिल्ला अध्यक्ष केदार प्रसाद यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा तराई मधेश प्रदेशका सदस्य अमृत साफी, किरण कुमारी साह, संघिय परिषद सदस्य लक्ष्मी चौधरी, राजबिराज नगर समिति अध्यक्ष भिमराज यादब, तराई मधेश प्रदेश सचिव दिनेश यादब, पार्टी केन्द्रीय सदस्य अशोक कुमार यादबले अभियानको सफलताको कामना गरेका थिए।

## विश्व समाचार

### कोरोनाबाट हङकङमा पनि एकको मृत्यु, चीनमा मृत्यु हुनेको संख्या ४ सय २५ पुग्यो

हङकङ, २१ माघ (रासस/एएफपी)।

विश्वभर त्रास फैलाएको कोरोना भाइरसका कारण हङकङ अस्पतालमा पनि एक व्यक्तिको मृत्यु भएको अस्पतालका प्रवक्ताले पुष्टि गर्नुभएको छ।

हङकङका ती व्यक्तिलाई गत जनवरी ३१ मा कोरोना भाइरस सङ्क्रमण भएको पुष्टि भएको थियो। उपचारका लागि प्रिन्स मार्गरेट अस्पतालमा भर्ना भएका उनी १३ औँ व्यक्ति थिए।

उपचाररत ती व्यक्तिको स्वास्थ्य अवस्था बिग्रिएसँगै मङ्गलबार बिहान मृत्यु भएको हो। हङकङको व्याम्पो गार्डेनमा बसोवास गर्दै आएका ती व्यक्ति गत जनवरी २१ मा हङकङबाट उहान र जनवरी २३ मा हङकङ फर्किएका थिए।

मङ्गलबारसम्म चीनमा यस सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ४२५ पुगिसकेको समाचार संस्था एएफपीले जनाएको छ। यस भारररसबाट सङ्क्रमण भएका दुई हजार १४३ जनाको अवस्था गम्भीर रहेको बताइएको छ। भाइरस सङ्क्रमण ३९६ जनालाई अस्पतालबाट घर फर्काइएको छ।

हुबेइ प्रान्तका सहायक गभर्नर सिआयो जुवाले उक्त प्रान्तमा स्वास्थ्य उपचार र सतर्कताको काममा कुनै कसर बाँकी नराखिएको सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभएको थियो। उहाँले चीनले उहानबाट भाइरस अन्यत्र फैलिन नदिन विशेष सतर्कता अपनाएको बताउनुभएको छ।

यता चीनको केन्द्र सरकारले पनि उहानलगायतका धेरै शहर बजारमा मानिसको आवतजावत रोक्नाका साथै सवारीसाधन बन्द गरेको छ। यस अघि फिलिपिन्समा पनि आइतबार एक जनाको ज्यान गएको थियो। उनी पनि उहानबाट गएका ४४ वर्षीय चिनियाँ नागरिक रहेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ।

ती चिनियाँ नागरिकको मृत्यु भएको पुष्टि भएलगत्तै फिलिपिन्स सरकारले चीनबाट आउने विदेशी नागरिकको आवागमन बन्द गर्ने घोषणा गरेको छ। "चीनबाहिर कोरोना भाइरसका कारण व्यक्तिको मृत्यु भएको यो पहिलो घटना हो," डब्लुएचओको भनाइ छ।

### भिडन्तमा १३ को मृत्यु

अफगानिस्तान, २१ माघ (रासस/सिन्ह्वा)।

अफगानिस्तानको उत्तरी जवाज्वान प्रान्तमा गएराति बारुदी सुरुङ बिस्फोट हुँदा सरकार समर्थित एक जना स्थानीय नेता, उहाँका एक जना सहयोगीसहित ११ जना विद्रोही तालिबान लडाकूको मृत्यु भएको छ।

प्रान्तीय सरकारका प्रवक्ता अब्दुल मारुफ अजरले सरकार समर्थित आदिवासी लडाकू समूह चढेको सवारी साधनलाई लक्षित गरी तालिबानले सोमबार राति जवाज्वान-सारी पुल सडकमा बारुदी सुरुङ बिछ्याएर आक्रमण गरेको जानकारी दिनुभयो।

उक्त आक्रमणमा सङ्लग्न तालिबान समूहका ११ जनाको मृत्यु भएको र उनीहरुलाई अफगान रेडक्रसलाई जिम्मा लगाइने पनि प्रवक्ता अब्दुलले बताउनुभयो।

तालिबानको मुख्य तारो सरकार समर्थित स्थानीय नेता तोफान रहनुभएको थियो। उहाँको नेतृत्वमा गाउँमा प्रतिरोध समूह गठन गरिएको थियो। सन् २००१ मा अमेरिकी आक्रमणबाट तालिबानको सरकार पतन भएसँगै तालिबान समूहले सशस्त्र हिंसात्मक आक्रमण जारी राखेको छ।

### महामारी रोक्ने प्रयत्नलाई सम्मान गर्न अमेरिकासमक्ष चीनको आग्रह

बेइजिङ, २१ माघ (रासस/सिन्ह्वा)।

चीनले संयुक्तराज्य अमेरिकालाई नोवल कोरोना भाइरसका कारण उत्पन्न महामारी नियन्त्रणमा ल्याउन चीनले गरिरहेको प्रयत्नलाई वस्तुपरक, निष्पक्ष, शान्तपूर्ण र बुद्धिमत्तापूर्ण तरिकाबाट सम्मान गर्न आग्रह गरेको छ।

चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता हुवा चुनयिङले भाइरससँग जुध्न चीनका साथै अन्तरराष्ट्रिय समुदायसँग सहकार्य पनि अमेरिकालाई अनुरोध गर्नुभएको छ। कोरोना भाइरसको महामारी विरुद्ध लड्न चीन सरकार र जनताले कुनै कसर बाँकी नराखेको बताउँदै उहाँले यस महामारी फैलन नदिनेतर्फ भइरहेका प्रयासमा निकै प्रगति भइसकेको जानकारी दिनुभयो।

प्रवक्ता चुनयिङले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार चीनबाट अमेरिका आउनेलाई प्रवेशमा कडाई गर्न लागेको घोषणा गरिएको विषयमा सोधिएको एक प्रश्नमा उक्त धारणा राख्नुभएको हो। इबोला, सार्स र मर्सजस्ता भाइरसको महामारीका तुलनामा चीनमा यस पटक सरकारको विशेष सतर्कता र स्वास्थ्यकर्मीको व्यापक परिचालनका कारण कोरोना भाइरसको सङ्क्रमण नियन्त्रणमा रहेको चिनियाँ स्वास्थ्य अधिकारीहरुले बताएका छन्।

प्रवक्ता चुनयिङले कोरोना भाइरसको महामारी रोक्न चीन सक्षम हुने विश्वास व्यक्त गर्नुभयो।

# महदेवामा अनियमितता भएको भन्दै प्रजिअलाई ज्ञापन पत्र



**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**
सप्तरीको महादेवा गाउँपालिकामा अनियमितता र भ्रष्टाचार भएको भन्दै प्रमुख जिल्ला अधिकारीलाई नेकपाका कार्यकर्ताहरुले कार्यवाहीका लागी ज्ञापन पत्र बुझाएका छन ।

जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासनिक अधिकृत तथा निमित प्रजिअ जनार्दन कटेललाई ज्ञापन पत्र बुझाईएको हो ।

गाउँपालिका अध्यक्ष दिपक कुमार यादवले गाउँपालिकाको न्यायिक समिति बनाउँदा समावेशी नबनाएको, महादेवा गापा वडा नं. ४ का वडा सचिव, वडा नं. ६ का वडा सचिवले सवारी साधन दुरुपयोग गरेको भन्दै कार्यवाहीको लागी ज्ञापनपत्रमा उल्लेख छ ।

यसैगरी आ.व. २०७३/०७४ गाविसका बाँकी रहेको रकम कुन शीर्षकमा खर्च गरेको हर हिसाव सार्वजनिक गर्नुपर्ने, आ.व. ०७४/०७५ र ०७५/०७६ अडिट रिपोर्ट र मलेप सार्वजनिक गर्नुपर्ने माँग गरिएको छ ।

त्यस्तै आ.व. २०७४/०७५ र ०७५/०७६ को सामाजिक सुरक्षा भत्ताको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, सवारी साधनको संख्या खरिद विवरण रेकर्ड प्रतिवेदन, गा.पा. अन्तर्गत करार कर्मचारीहरुको संख्या नाम सहित विवरण सार्वजनिक गर्नुपर्ने ज्ञापनपत्रमा उल्लेख छ ।

गैर सरकारी संघ संस्थाहरुले गा.पा.मा गरेको कामको सम्पूर्ण रेकर्ड प्रतिवेदन, सार्वजनिक पोखरीहरुको संख्या सहित राजस्व सहित जम्मा रेकर्ड प्रतिवेदन माँग गरिएको छ । नेपालको संविधानमा प्रत्येक नागरिकले सूचना पाउनुपर्ने नियमलाई गा.पा.मा ठाडो उलंघन भईरहेकोले त्यस प्रति सम्बन्धित निकायको ध्यान पुर्याउनु पर्ने बुझाएको ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासनिक अधिकृत तथा निमित प्रजिअ जनार्दन कटेललाई नेकपाका नेता बासुदेव यादव, दिपेन्द्र माझी, राजाराम यादव, देवराम यादव, रामनारायण सरदार र मो. डोमनले ११ बुदे ज्ञापन पत्र बुझाएका हुन ।

# बिद्युत चुहाचट गर्ने २४ जना पक्राउ

**दैनिक समाचारादता**
**राजविराज, २१ माघ ।**
प्रहरीले नेपाल विद्युत प्राधिकरण राजविराज र बोदेबसाईन विद्युत बितरण केन्द्रको समन्वयमा मंगलबार २४ जना विद्युत चुहावट गर्नेहरुलाई पक्राउ गरेको छ ।

प्रहरी र प्राधिकरण कर्मचारीको संयुक्त टोलीले बलानबिहुल गाउँपालिकाबाट १६ र राजगढ गाउँपालिकाबाट ८ जना गरी २४ जनालाई विद्युत चुहावट गरेको आरोपमा पक्राउ गरेको जनाएको छ ।

पक्राउ पर्नेहरुमा बलानबिहुलका झबर दास, उत्तमलाल दास, कमलेश दास, संजित कुमार दास, अमरलाल दास, चौठीलाल दास, चन्दन खंग, बौना दास, बुधन दास, राम कुमार दास, शियाराम शर्मा, राम कुमार दास, भास्कर मंडल, ईन्द्रदेव ठाकुर, राजेन्द्र साह, रामआशिस यादब तथा राजगढका महेन्द्र प्रसाद यादव, गानु यादव, जनकलाल मण्डल, रबिकान्त शाह, नथुनि मुखिया, नारायण यादव, चिनिलाल यादव र संजिव कुमार शर्मा रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# बहुविवाह मुद्दाका फरार श्रीमान् श्रीमती पक्राउ

**दैनिक समाचारादता**
**राजविराज, २१ माघ ।**
सप्तरी प्रहरीले बहुविवाह मुद्दामा फरार श्रीमान् श्रीमतीलाई पक्राउ गरेको छ ।

साबिकको जमुनी मधेपुरा गाबिस वडा नं. ९ हाल रुपनी गाउँपाकिला वडा नं. ४ बस्ने ३० वर्षिया प्रमिला कुमारी शाहको जाहेरीको आधारमा प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा प्रमिलाका पति २५ वर्षिय शत्रुहन साह र उनकी कान्छी श्रीमती २० वर्षिया सजनी कुमारी साह रहेका छन् ।

पक्राउ दुबैलाई जिल्ला अदालतमा म्याद थप गरि अनुसन्धान अगाडी बढाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT




एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७


# तिलाठीमा सामुदायिक विपद् प्रतिकार्य तालिम



**दैनिक समाचारदाता**
**राजविराज, २१ माघ ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका र राजविराजस्थित नेपाली सेनाको भीमदल गणको संयुक्त आयोजनामा मंगलबारदेखी सामुदायिक विपद् प्रतिकार्य तालिम सञ्चालन भएको छ ।

गाउँपालिका वडा नं. १ तिलाठीमा आयोजना भएको तालिम उद्घाटनको अवसरमा बोल्दै गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहले गाउँपालिका विपद्बाट अति प्रभावित रहेको हुँदा युवाहरुलाई आफ्नो समुदायमा आइपर्ने विपद्को सामना गर्न पूर्वतयारी गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको जानकारी दिएका छन् ।

त्यस्तै भीमदल गणका गणपति गुप्तबहादुर कुँवरले विपद्का बेला उद्धार तथा खोजतलासमा युवाहरुले अग्रणी भूमिका निर्वाह गर्नुपर्ने बताउँदै उनीहरुलाई तालिम दिई सक्षम बनाउनु आवश्यक भएकोले पालिकाहरुसँगको समन्वयमा तालिम सञ्चालन गरिएको जानकारी दिए ।

गणपति कुँवरले नेपाली सेनामा प्रवेश गर्ने सम्बन्धमा आम जनतामा जानकारीको अभाव रहेको, नेपाली सेनाप्रति अपनत्वको भावना जागृत गर्न तथा सेनामा प्रवेश सम्बन्धी प्रक्रियाको बारेमा समेत जानकारी गराए ।

सो तालिममा नेपाली सेनाको १ नम्बर विपद् व्यवस्थापन गण सुन्दरीजल काठमाण्डौका हरिप्रसाद जैसी, सनिर कार्की, गणेश सुनार, रामजी विष्ट, हरि सुनार, सागर थापासहितकाले सहजीकरण गर्ने तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए । तालिममा गाउँपालिकाको विभिन्न वडाका गरी ५५ जना युवाको सहभागिता रहेको छ ।

## सात लाख ...

पहुँचभन्दा बाहिर रही आधारभूत शिक्षा पाउनबाट वञ्चित छन् । पाँचमध्ये दुई महिलाले १८ वर्षभन्दा पहिले नै विवाह गर्छन् । पाँच वर्षमुनिका ३६ प्रतिशत बालबालिका गरीबीको रेखा मुनि छन् । युनिसेफले नेपालमा सबै बालबालिका, विशेष गरी सीमान्तकृत र विपन्न वर्गका लागि पाँच दशकभन्दा बढीदेखि विभिन्न कार्यक्रम गर्दै आएको जनाइएको छ ।


दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*